# नरैनापुर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकूद शाखा)
नरैनापुर,बाँके
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :२०७७/०७८
चलानी नंम्बर : १२४

मितिः२०७७।०८।२३ गते

विषय : विद्यालय सञ्चालन सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु,
नरैनापुर गाउँपालिका, बाँके ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०७७।७।२७ को बैठक, गाउँ कार्यपालिकाको मिति २०७७।८।८ गतेको बैठक तथा मिति २०७७।८।२२ गतेको सामुदायिक विद्यालयहरुको प्र.अ.बैठकको निर्णयानुसार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ मा उल्लेख भएको मापदण्डहरु पूरा गरी सो कार्यढाँचामा उल्लेख भएको ७ विकल्पहरु मध्ये उपयुक्त विकल्प निर्णय गरी सरोकारवाला सबैको सहकार्यमा पहिलो चरणमा सञ्चालन भएका माध्यमिक तहका साथै दोस्रो चरणमा आधारभूत तहका कक्षाहरु मिति २०७७।०८।२८ गते देखि सञ्चालन गर्न हुन जानकारी गराइन्छ । विद्यालयले छनोट गरेको विकल्प तथा विद्यालयले तयार पारेको सङ्कमणकालीन वार्षिक कार्यतालिका एवम् शिक्षकहरुले तयार पारेको सङ्कमणकालीन वार्षिक शैक्षणिक योजनाहरु यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्न हुन समेत अनुरोध छ ।

पुनश्च :मदरसाहरु सञ्चालन सम्बन्धमा अर्को सूचना बमोजिम हुने जानकारी गराइन्छ ।

बोधार्थ :
जिल्ला प्रशासन कार्यालय, बाँके, नेपालगञ्ज, बाँके (जानकारीका लागि) ।
शिक्षा विकास तथा समन्वय इकाई, नेपालगञ्ज, बाँके (जानकारीका लागि) ।
सूचना प्रविधि शाखा, नरैनापुर गाउँपालिका, नरैनापुर, बाँके (वेभसाइटमा अपलोड गरिदिन हुन) ।

कृष्ण कुमार थारु
शिक्षा अधिकृत (छैठौं)